# नेपाल खाद्य संस्थान

अधिकृत स्तर तह ६ वाट अधिकृत स्तर तह ७ (अप्रा.) पदको
आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम :

लिखित परीक्षाको माध्याम नेपाली / अंग्रेजी हुनेछ ।

पूर्णाङ्क : २००

भाग–१ लिखित परीक्षा :

| पत्र | बिषय | पूर्णाङ्क | परीक्षाको प्रणाली | प्रश्न संख्या | अंङ्क भार | समय |
|---|---|---|---|---|---|---|
| प्रथम पत्र | (क) सामान्यज्ञान | ७० | (क) बस्तुगत बहुउत्तर | २०x२ | ४० | १ घण्टा |
| | (ख)समस्याको पहिचान र समाधान | ३० | (ख) छोटोछोटो उत्तर | ६x५ | ३० | |
| | | | लामो उत्तर | १x३० | ३० | |
| द्वितीयपत्र | सेवा सम्बन्धी | १०० | (क) लामो उत्तर | २x२५ | ५० | १½ घण्टा |
| | | | (ख) छोटो छोटोउत्तर | १०x५ | ५० | |

भाग २ अन्तरवार्ता

पूर्णाङ्क : ५०

सामान्यज्ञान र सम्बन्धित बिषयबस्तुको ज्ञान → ४०

व्यक्तित्व → १०

- अन्तरवार्तामा ६० प्रतिशत भन्दा बढी र ३० प्रतिशत भन्दा कम अंक दिंदा उचित कारण जनाउनु पर्नेछ ।
- भाग १ को लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरू मात्र भाग २ को अन्तरवार्ता परीक्षामा सामेल हुन पाउने छन् ।
- भाग १ को लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरूको लिखित परीक्षाको प्राप्ताङ्क र भाग २ को अन्तरवार्ताको प्राप्ताङ्क जोडी योग्यताक्रमानुसार सिफारिश गरिनेछ ।

द्रष्टव्य :

१. आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षा दिने उम्मेदवारले संस्थानबाट निर्धारित दरखास्त फाराम भरी आवेदन दिनु पर्नेछ । तोकिएको परिक्षादस्तुर वापत बैंक भौचर वा बैंक ड्राफ्ट दरखास्त फारामसाथ बुझाउनु पर्नेछ ।
२. दरखास्त फाराम र पाठ्यक्रम तोकिएको स्थानबाट उपलब्ध हुनेछ ।
३. पाठ्यक्रममा भएको लिखित परीक्षाको प्रत्येक पत्रमा उत्तीर्णाङ्क ३५ प्रतिशत मानिनेछ ।
४. प्रथमपत्र सामान्य ज्ञान तथा समस्या पहिचान र समाधानको प्रश्न पत्र र उत्तर पुस्तिका भिन्दै हुनेछ । परीक्षा समाप्त भएपछि सामान्य ज्ञानको प्रश्नपत्र र उत्तर पुस्तिका दुवै फिर्ता गर्नु पर्नेछ ।
५. यस पाठ्यक्रममा जे सुकै लेखिएतापनि पाठ्यक्रममा परेको ऐन, नियमहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडी संशोधन भएको वा संशोधित भई हटाइएको वा थप गरी संशोधन भई कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

पाठ्यक्रमको बिस्तृत बिवरण :

प्रथम पत्र : (क) सामान्य ज्ञान :

१. नेपालको ऐतिहासिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, साहित्यिक, आर्थिक, बैज्ञानिक, राजनैतिक गतिविधि र नविन घटनाबारे सामान्य जानकारी ।
२. बिश्वका ऐतिहासिक घटना, समसामयिक अन्तरराष्ट्रिय गतिविधि, बिश्वको भौगोलिक ज्ञान र बिज्ञान सम्बन्धी नविन घटना बारे सामान्य जानकारी ।
३. दक्षिण एशियाली (SAARC) राष्ट्रहरूको राजनैतिक, भौगोलिक, ऐतिहासिक, सामाजिक बिषयका समसामयिक गतिविधि र घटना बारे सामान्य जानकारी ।
४. नेपाल खाद्य संस्थान तथा अन्तरराष्ट्रिय खाद्य तथा कृषि सम्बन्धी संघ संस्थाहरूको सामान्य जानकारी ।

(ख) समस्याको पहिचान र समाधान :

संस्थानको काम वा व्यवस्थापनसंग सम्बन्धित बिषयहरूमा कुनै समस्या दिइने छ । प्रश्न (समस्या)को उत्तर दिंदा प्रचलित नीति, कानून र सरकारी स्वामित्वमा रहेका संस्थानहरूको भूमिकाको आधारमा बिश्लेषण गरी कार्यान्वयनको लागि सामयिक र उपयुक्त सुझाव प्रस्तुत गर्नु पर्नेछ ।

परीक्षार्थीबाट बिशेष गरेर निम्न प्रारूपको आधारमा प्रस्तुतिकरणको अपेक्षा राखिएको छ :

- समस्याको बिश्लेषण र पहिचान
- समस्या समाधानको लागि ठोस सुझाउहरू
- सुझाउ कार्यान्वयन गर्ने प्रकृया

द्वितीय पत्र : सेवा सम्बन्धी :

१. नेपाल खाद्य संस्थानको उद्देश्य, गठन, कार्यक्रम, लेखा प्रणाली र लेखा परीक्षण सम्बन्ध जानकारी ।

२. व्यवस्थापन सम्बन्धी सामान्य जानकारी :
योजना (Planning), संगठन (Organization), समन्वय (Co-ordination), नियन्त्रण (Control), स्टाफिङ (Staffing), संचार (Communication), सूचना प्रणाली (Information System), कार सम्पादन मूल्यांकन (Performance Appraisal), सुझाव प्रणाली (Suggestion System), कर्मचारी मर्का (Employees Grievances), कर्मचारी प्रेरण ( Staff Motivation), नेतृत्वशैली (Leadership style), अनुशासन सम्बन्धी कार्यवाही (Disciplinary Action), निर्णय प्रकृया (Decision Making Process) , मनोवल (Morale) ।

३. नेपालको कृषि, उद्योग, वाणिज्य, आपूर्ति सम्बन्धी नीतिको जानकारी ।

४. नेपालमा संस्थागत खाद्यान्न आपूर्ति व्यवस्था ।

५. नेपालमा खाद्यान्न उत्पादनको बर्तमान स्थिति, माग, आपूर्ति तथा बजार व्यवस्था ।

६. लेखा परीक्षणको उद्देश्य तथा नेपालमा सरकारी स्वामित्वमा रहेका संस्थानहरूको लेखा परीक्षण, महालेखा परीक्षकको काम कर्तव्य बारे सामान्य जानकारी ।

७. आर्थिक उदारिकरणको नीति र सार्वजनिक संस्थानहरूको भूमिका ।

८. संस्थान ऐन, २०२१ ।

९. खाद्य ऐन, २०२३ ।

१० भ्रष्टाचार निवारण ऐन, २०५९ ।

११ करार ऐन, २०५६ ।

१२. नेपाल खाद्य संस्थानको कार्य संचालन तथा कर्मचारी सेवा शर्त र सुबिधा सम्बन्धी बिनियमावली, २०६४ ।

१३. सार्वजनिक खरीद ऐन २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ ।

१४. उपभोक्ता संरक्षण ऐन, २०५४ र ऐ. नियमावली, २०५६ ।